दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १६२ | बुटवल | २०८३ जेठ ३१ गते, आइतबार | नेपाल संवत ११४६ | Sunday Jun 14, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पु-याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

## वैकल्पिक शक्ति भनिनेहरू विचारशून्य : डा. सिके



बुटवल । जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले मुलुकमा पछिल्लो समय स्थापित हुन खोजेका वैकल्पिक राजनीतिक शक्तिहरू विचारशून्य र तर्कहीन बन्दै गएको बताएका छन् ।

काठमाडौँमा शनिबार नयाँ शक्तिको स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा बोल्दै राउतले नयाँ पुस्तामा विचार र सिद्धान्तभन्दा पनि 'सेलेब्रिटी' प्रवृत्ति र विध्वंशप्रति आकर्षण बढेको टिप्पणी गरे । राजनीतिमा विचार र नैतिकताको प्रधानता हुनुपर्नेमा उनले जोड दिए ।

हालको राजनीतिक अवस्थालाई 'विचारशून्य युग'को संज्ञा दिँदै सामाजिक सञ्जालमा हुने गालीगलौज र तर्कहीन बहसले लोकतन्त्रलाई कमजोर बनाइरहेको उनको भनाइ थियो ।

'हामीले एउटा सचेत र विचारले लैस वैकल्पिक राजनीतिक शक्तिको परिकल्पना गरेका थियौँ, तर आज त्यसको ठिक उल्टो वैचारिक शून्यता भएको शक्ति जन्मिएको छ ।'- डा. राउतले भने ।

संसदीय व्यवस्था र लोकतान्त्रिक मूल्यमान्यतामा ह्रास आएको उल्लेख गर्दै उनले प्रधानमन्त्री संसद्मा उपस्थित भएर जवाफ दिनुपर्ने अनिवार्य शर्त भए पनि सर्वसाधारणले त्यसलाई अनावश्यक ठान्ने परिस्थिति निर्माण हुनु दुःखद भएको बताए ।

अध्यक्ष राउतले पछिल्लो समय राज्यले अवलम्बन गरेको डोजर संस्कृतिको पनि आलोचना गरेका छन् । भौतिक संरचनाहरू भत्काउनुलाई विकास र शक्तिको प्रदर्शनका रूपमा बुझ्नु गलत भएको उनको भनाइ थियो । 'जमिन वा संरचना अवैध भए त्यसलाई राज्यले राष्ट्रियकरण गर्नुपर्छ, तर अर्बौंको क्षति हुने गरी डोजर लगाएर भत्काउनु राष्ट्रिय सम्पत्तिको विनाश हो ।'- उनले भने ।

पुरानो पुस्ताका नेताहरूले दशकौं जेलनेल भोगेको र जनताको सेवामा समर्पित भएको भए पनि नयाँ पुस्ताले त्यसको मूल्याङ्कन गर्न छाडेको उनको विश्लेषण छ ।

» बाँकी ३ पेजमा

## औद्योगिक क्षेत्रका ७ सय उद्योग बन्द हुन सक्ने चेतावनी




बुटवल । देशभरका औद्योगिक क्षेत्रभित्र सञ्चालित उद्योगहरूलाई सात दिनभित्र विवादित बक्यौता रकम बुझाउन औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले सार्वजनिक सूचना जारी गरेपछि उद्योगीहरू सरकारविरुद्ध आक्रोशित बनेका छन् ।

नेपाल औद्योगिक क्षेत्र उद्योग महासंघले सरकार र औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको पछिल्लो कदमले उद्योगमैत्री वातावरण निर्माण गर्नुको सट्टा स्वदेशी उद्योगहरूलाई संकटतर्फ धकेल्ने काम गरेको आरोप लगाएको छ ।

महासंघले जारी गरेको विज्ञप्तिमा मुलुकको अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेका स्वदेशी उद्योगहरू आर्थिक मन्दी, कच्चा पदार्थको बढ्दो मूल्य, खुला सीमाका कारण विदेशी उत्पादनसँगको तीव्र प्रतिस्पर्धा र दक्ष जनशक्तिको अभावजस्ता समस्याबाट गुज्रिरहेको उल्लेख गर्दै यस्तो संवेदनशील समयमा उद्योगलाई राहत दिनुपर्ने सरकार नै उल्टो उद्योग विस्थापनको बाटोमा लागेको जनाएको छ ।

महासंघका अध्यक्ष एजाज आलमले उद्योगीहरू अहिले अभूतपूर्व दबाबमा रहेको बताउँदै सरकारको पछिल्लो कदमले उद्योग क्षेत्रमा थप अन्योल र असुरक्षा सिर्जना गरेको बताए ।

'उद्योगीहरूले सर्वोच्च अदालतको फैसला सम्मानपूर्वक स्वीकार गरेका छन् । तर, फैसला कार्यान्वयन गर्नुको सट्टा स्वयं औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड पुनरावलोकनमा जाने र अर्कोतर्फ उद्योगीहरूलाई सात दिनभित्र रकम बुझाउन सार्वजनिक दबाब दिने कार्य न्याय र कानुनी प्रक्रियाको भावनाविपरीत छ ।'- उनले भने ।

» बाँकी ३ पेजमा

# एमाले पार्टी पुनर्गठनका लागि प्रदेशस्तरबाट सुझाव संकलन सुरु



**लुम्बिनी संवाददाता**

*बुटवल*

नेकपा एमालेले पार्टी शुद्धीकरण, सुदृढीकरण, रूपान्तरण तथा पुनर्गठनका लागि गठन गरिएको कार्यदलमार्फत् प्रदेशस्तरबाट सुझाव सङ्कलन सुरु गरेको छ ।

फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनको समीक्षा गर्दै पार्टी र जनताबिचको सम्बन्ध थप सुदृढ बनाउन आवश्यक रूपान्तरण तथा पुनर्गठनका विषयमा सुझाव सङ्कलन गर्न कार्यदल गठन गरिएको हो ।

एमालेको केन्द्रीय प्रचार तथा प्रकाशन विभागका प्रमुख नीरज आचार्यका अनुसार कार्यदलले शनिबार बागमती प्रदेश सङ्गठन कमिटीको समन्वयमा काठमाडौंबाट सुझाव सङ्कलन अभियान सुरु गरेको हो ।

बागमती प्रदेश सङ्गठन कमिटीको बैठक शुक्रबारदेखि सुरु भएको र बैठकपछि सुझाव सङ्कलनका लागि भेला आयोजना गरिएको उनले जानकारी दिए ।

गत जेठ १० गते सम्पन्न एमाले सचिवालयको आठौं बैठकले उपाध्यक्ष रामबहादुर थापाको संयोजकत्वमा १५ सदस्यीय कार्यदल गठन गरेको थियो ।

जेठ २६ गते पार्टी अध्यक्ष केपी शर्मा ओलीको उपस्थितिमा भएको कार्यदलको पहिलो बैठकले प्रदेशस्तरमा सुझाव सङ्कलन गर्ने कार्यतालिका निर्धारण गरेको थियो ।

कार्यतालिकाअनुसार असार २ गते कोशी प्रदेश, असार ४ गते लुम्बिनी प्रदेश, असार ६ गते सुदूरपश्चिम प्रदेश, असार ८ गते कर्णाली प्रदेश, असार ११ गते गण्डकी प्रदेश, असार १३ गते मधेस प्रदेश तथा असार १६ गते राजधानी विशेष प्रदेश र असार १७ गते सम्पर्क समन्वय विशेष प्रदेशमा सुझाव सङ्कलन गरिनेछ ।

प्रदेशस्तरीय भेलामा सम्बन्धित भौगोलिक क्षेत्रका केन्द्रीय सदस्य, प्रदेश तथा जिल्ला तहका पदाधिकारी सहभागी हुनेछन् ।

कार्यदलले असार १८ गते जनसङ्गठन तथा असार १९ गते केन्द्रीय विभाग प्रमुख र विभिन्न निकायका पदाधिकारीसँग पनि सुझाव सङ्कलन गर्ने छ ।

## सुस्तामा एसएसबीको प्रवेश रोक्न माग

बुटवल । नेकपा एमालेले प्रधानमन्त्री बालेन शाहको अभिव्यक्ति सच्चाउन माग गरेको छ ।

बागमती प्रदेश कमिटी दोस्रो बैठकले प्रधानमन्त्रीले आफ्नो अभिव्यक्ति तत्काल सच्चाउन र यस्तो किसिमको अभिव्यक्ति नदिन चेतावनी दिएको छ ।

बैठकले पारित प्रस्तावमा भनिएको छ-'जेठ ७ गते सार्वभौम संसद्को रोष्ट्रममा प्रधानमन्त्रीले दिएको देशद्रोही अभिव्यक्ति (भारतले मात्र हाम्रो देश मिचिएको होइन रहेछ, नेपालले पनि भारतको सीमा मिचेको रहेछ) भन्ने अभिव्यक्तिको यो बैठक घोर भर्त्सना गर्दै त्यो देशद्रोही अभिव्यक्ति सच्याउन र यस्तो किसिमको अभिव्यक्ति नदिन चेतावनी व्यक्त गर्दछ ।

पश्चिम नवलपरासीको सुस्तामा भारतीय सीमा सुरक्षा बल (एसएसबी) प्रवेश गरेको घटना सार्वजनिक भएको भन्दै सत्य तथ्य सार्वजनिक गर्न र यस्तो घटना रोक्न सरकार समक्ष माग गरेको छ ।

बैठकले संवैधानिक व्यवस्था विपरीत सरकारले ट्रेड युनियन खारेज गर्ने निर्णयको घोर विरोध गर्दै यो असंवैधानिक निर्णय सच्याउन माग गरेको छ । यस्तै, अध्यक्ष केपी शर्मा ओलीलाई चैत्र १४ गते पितृ शोकमै रहेको बेला गरिएको गिरफ्तारी निकृष्ट व्यवहार भएको भन्दै भर्त्सना गरेको छ ।

## बालेनको बोलीबारे रास्वपाको धारणा के हो ? : हर्क



बुटवल । श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राई (हर्क साम्पाङ) ले नेपाल-भारत सीमाबारे प्रधानमन्त्री बालेन्द्र शाहले संसद्मा बोलेको विषयमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को धारणा मागेका छन् ।

शनिबार सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई खुलापत्र लेख्दै प्रतिनिधिसभा सदस्य साम्पाङले प्रधानमन्त्रीले भनेको नेपालले पनि भारतको जग्गा मिचेको छ भन्ने विषयमा पार्टीको धारणा सार्वजनिक गर्न माग गरेका हुन् ।

पत्रमा साम्पाङले लेखेका छन्-'मिति २०८३-२-१७ गते बसेको प्रतिनिधिसभाको बैठकमा तपाईंको पार्टी सदस्य तथा नेपाल सरकारको प्रधानमन्त्री बालेन्द्र शाहले सांसदहरूले सोधेका प्रश्नहरूको उत्तर दिने क्रममा 'नेपालले पनि भारतको सीमा धेरै ठाउँमा मिचेको छ' भन्ने अभिव्यक्ति दिनुभएको सम्बन्धमा तपाईंको पार्टीको आधिकारिक धारणा के हो ? सो सार्वजनिक गरिदिन यो खुलापत्रमार्फत् अनुरोध छ ।'

## रास्वपा अझै संस्थागत पार्टी भएको छैन : शाह



दाङ । रास्वपा लुम्बिनीको प्रथम अधिवेशन दाङमा सुरु भएको छ ।

अधिवेशन उद्घाटन समारोहलाई सम्बोधन गर्दै रास्वपाका महामन्त्री भूपदेव शाहले निर्वाचन जितेर सरकारमा पुगे पनि पार्टीलाई अझै संस्थागत र सशक्त बनाउन बाँकी रहेको बताएका थिए । उनले आगामी महाधिवेशनबाट सक्षम नेतृत्व चयन भई पार्टी र देशलाई प्रगतितर्फ अघि बढाउने विश्वास व्यक्त गरे ।

महामन्त्री शाहले पार्टीले राजनीतिक सफलता हासिल गरे पनि संगठनात्मक रूपमा अझै बलियो बन्नुपर्ने आवश्यकता रहेको उल्लेख गर्दै आगामी महाधिवेशनले सक्षम नेतृत्व छनोट गर्ने बताए ।

कार्यक्रममा सह-महामन्त्री तथा विपिनकुमार आचार्यले नेतृत्वका लागि प्रतिस्पर्धा स्वाभाविक भए पनि पार्टीलाई सही दिशा दिन नसक्ने नेतृत्वले जिम्मेवारीबाट पछि हट्न सक्नुपर्ने धारणा राखे । उनले नेतृत्वको आकांक्षा राख्ने कार्यकर्तालाई धैर्य र संगठन निर्माणमा सक्रिय रहन आग्रह गरे ।

अधिवेशनका क्रममा बर्दिया जिल्ला समितिलाई केन्द्रले मान्यता नदिई भंग गरेपछि बर्दियाबाट सहभागी प्रतिनिधिहरूले असन्तुष्टि जनाएका छन् । प्रदेश अधिवेशनमा सहभागी भइसकेको अवस्थामा जिल्ला समिति भंग गर्नु विधिसम्मत नभएको भन्दै उनीहरूले आपत्ति जनाएका थिए । अधिवेशनमा प्रदेश सभापति पदका लागि ६ जनाले उम्मेदवारी दर्ता गराएका थिए । सर्वसम्मत नेतृत्व चयनको प्रयास सफल हुन नसकेपछि नयाँ नेतृत्व निर्वाचनमार्फत् चयन भएको हो ।

प्रदेश सभापति पदका लागि रुपन्देहीका शालिकराम घिमिरे, बाँकेका डा. राजकुमार सुवेदी, रुपन्देहीका पूर्व गणेश पौडेल, रुपन्देहीकी मञ्जु भुसाल, रुपन्देहीका मधु अर्याल र अर्घाखाँचीका गोपाल घिमिरेले उम्मेदवारी दर्ता गराएका थिए । ४२ सदस्यीय प्रदेश कार्यसमितिका लागि एक सयभन्दा बढी उम्मेदवारी परेको थियो ।

अधिवेशनमा लुम्बिनीका रुकुम पूर्व बाहेकका जिल्लाका ८ सय ४३ जना प्रतिनिधि मतदाता रहेका निर्वाचन अधिकृत गोकुल सापकोटाले जानकारी दिए ।

वर्तमान प्रदेश सभापति देवराज पाठकले भने उम्मेदवारी दर्ता गरेनन् । चार वर्षसम्म संगठन निर्माणमा सक्रिय भूमिका निर्वाह गरेकाले पाठकले सर्वसम्मत सभापति हुने चाहना राखे पनि सहमति जुट्न नसकेपछि उनले उम्मेदवारी नै दिएनन् ।



## सम्पादकीय

# एल निनोले नेपाललाई पार्ने असर

मध्य प्रशान्त महासागरको पानी र हावा सामान्यभन्दा तात्ने 'एल निनो' भनिने मौसमी अवस्था यो वर्ष झनै प्रखर हुने र एसियाली देशमा विपद निम्त्याउन सक्ने चेतावनी संयुक्त राष्ट्र संघले दिएको छ। राष्ट्र संघीय विश्व मौसम संगठन डब्लुएमओका अनुसार, अहिले बिस्तारै बढ्ने क्रममा एल निनो भनिने शक्तिशाली प्राकृतिक मौसमी अवस्था सेप्टेम्बरसम्म पूरै विकसित भइसक्ने सम्भावना ८० प्रतिशत छ। त्यसैगरी, सेप्टेम्बरसम्म नभएनोभेम्बरसम्म पूरै विकसित भइसक्ने सम्भावना ९० प्रतिशत छ।

एल निनोले नेपाल जस्ता मुलुकहरुलाईपार्ने असर र जोखिम धेरै छ। विज्ञहरूको पूर्वानुमान अनुसार, सरदरभन्दा कम वर्षासँगै गर्मी तथा खडेरी र अचानक घना वर्षा यो मनसुनका नौला विशेषता हुने छन्। चरम मौसमी अवस्थाका कारण हुने असरले यहाँको कृषिलाई असर गर्ने सम्भावना छ। अत्याधिक गर्मीले महामारी फैलिनै उत्तिकै जोखिम छ। मौसम विज्ञान विभागका अनुसार, नेपालमा लगातार विगत तीन महिनादेखि तापक्रम सामान्यभन्दा ०.५ डिग्री सेल्सियसले बढ्ने क्रममा छ। त्यसरी तातो बढ्ने क्रम अझै अर्को दुई महिना जारी रहे त्यसलाई मौसमविदहरू एल निनोको असर मान्छन्।

जलवायु परिवर्तनका कारण एल निनोको असर यो वर्ष झनै विकराल बन्न सक्ने वैज्ञानिकहरूको चेतावनी छ। विश्वमा चरम मौसमी अवस्था उत्पन्न हुने चिन्ता बढेको छ। चरम मौसमी अवस्थाले खडेरी, अतिवृष्टि हुँदा कृषि प्रणालीमा असर गर्ने छ नै, मानव जीवन नै चरम संकटमा पर्ने जोखिम उत्तिकै छ। अझ नेपाल जस्तो सामान्य विपद व्यवस्थापन गर्न समेत कठिनाई भोग्दै आएको मुलुकका लागि एन निनोले ल्याउने जोखिम सामना र व्यवस्थापन गर्न सहज हुने छैन। नेपालमा पनि सन् १९८० यता मात्रै नौ पटक एल निनोको असर भोगिसकेको छ।

नेपाल र भारतसहितका दक्षिण एसियाली देशहरूमा एल निनोका कारण अहिले सुरु हुन लागेको मनसुन सकिने बेलामा कमजोर हुने र लामो खडेरी वा अधिक वर्षाजस्ता चरम अवस्था आउन सक्ने चेतावनी विज्ञहरूले दिइसकेका छन्। पृथ्वी तात्ने क्रम बढ्दै गर्दा देखिएको जलवायु संकटका कारण यो वर्ष एल निनोको असरबारे वैज्ञानिक अध्ययन र लेखाजोखा जारी रहेकाले त्यस्ता अध्ययन र लेखाजोखाका बारेमा निरन्तर जानकारी लिएर नेपालले जोखिम व्यवस्थापनको रणनीति बनाउन आवश्यक छ। हामीले केही गर्न सक्तैनौ भनेर खुम्चिएर बस्ने होइन्, केही गर्ने प्रयास गर्दा धेरै गर्न सकिन्छ। विपदको जोखिममा परेका नागरिकलाई सामना गर्ने सार्मथ्य जुटाउन सकिन्छ। लामो खडेरी हुने अवस्थाबाट बच्न पिउने पानी र सिँचाइका लागि सरकारी तथा सामुदायिकस्तरमा पानी संकलन र भण्डारणका उपाय अपनाउन सकिन्छ। एकैपल्ट धेरै वर्षा हुँदा हुने क्षति न्यूनीकरणका उपाय खोज्न सकिन्छ। जोखिमयुक्त ठाउँ पहिचान गरी सतर्कता अपनाएर मानवीय क्षति रोक्न सकिन्छ।

# दुःखले दिने आनन्द



**अशोक सोकी**



किरादेखि देवतासम्म सबैलाई दुःख छ। सिक्कामा दुई पाटा भए झैँ जीवनमा पनि सुख र दुःखका दुई पाटा छन्। जसरी अँध्यारो भएर उज्यालो भएको हो भने त्यसरी नै दुःख भएर सुख भएको हो। सुखको पछाडि दुःख, दुःखको पछाडि सुख छ। हामी सुख प्राप्तिका लागि दुःख गरिरहेका हुन्छौं। दुःखले दिने आनन्द सुखले दिने आनन्दभन्दा प्रेरणादायी हुन्छ। दुःखले दिने उत्साह र हौसला भएर खुसीको आनन्द हुन्छ। दुःखबाट पाउने आनन्दमा इज्जत, सम्मान प्रतिष्ठासहित आनन्द पाउन सकिन्छ। भोकमा पाएको भोजन स्वादिलो भए जस्तै दुःखले पाउने आनन्दमयमा हर्षपूर्ण रमझम हुन्छ। जसरी रावणले दुष्कर्म गर्नाले उनको विनाश गर्न राम जन्मे त्यसरी नै अँध्यारोको अस्तित्वविहीन गर्न उज्यालो भएको हो। रामको महत्व रावणको अनुचित कार्यकृत विध्वंस गर्नाले भयो। उज्यालोको महत्व अँध्यारोलाई विलीन गर्नाले भयो। त्यस्तै सुखको महत्व पनि दुःख हुनाले भएको हो। दुःखबाट पाएको सुख अर्थपूर्ण हुन्छ। महापुरुषको जीवनी हेर्ने हो भने ठुला ठुला दुःख महाकष्ट, हैरानी भुक्तमान गरेर महापुरुष भएका हुन्। अमेरिकाका राष्ट्रपति अब्राह्म लिङ्कन आठ वर्षको उमेरमै जङ्गल फाँडेर खेत बनाए, हलो जोते। कलमकापी किन्न नसकेर सिलोट जस्तो ढुङ्गामा कोइलाले लेख्थे। गरिबीको हाहाकारले दुःख भए पनि चुलीमा पुगेर शिखर व्यक्तित्व भए। हुने बिरुवाको चिल्लो पात भने झैँ महापुरुष हुनेको सानैदेखि पृथक् विचारका साथै कृत्याकृत्य विवेक हुन्छ। महापुरुष हुने व्यक्तिको बाल्यकालदेखि दृढ इच्छाशक्ति, लगनशीलता र असल स्वभावबाट विशेषता प्रकटित हुन थाल्छन्।

ध्रुवकी सानीआमा सुरुचिले ध्रुवलाई थिचोमिचो गरी हप्कीदप्की गर्ने। ध्रुवकी आमा सुनीतिलाई पनि सौता सुरुचिले दपेट्ने। महाराज उत्तानपादको सुरुचिप्रति स्नेहसिक्त भएको हुनाले सुनीतिले सौता सुरुचिलाई केही बोल्न सक्ने अवस्था थिइन्। सुनीतिकी धैर्य र सहनशीलले उनीप्रति ईश्वरको कृपा भयो। ध्रुवकी आमा ईश्वरप्रति श्रद्धाभक्ति भएकीले त्यही देखासिकीले ध्रुवलाई तप गर्ने प्रेरणा भयो। त्यही प्रेरणाले ध्रुवले नारदसँग भेट गर्ने अवसर मिल्यो। नारदको ज्ञानको उपदेशले बुवाको काख होइन ईश्वरको काख पाए। त्यो ज्ञानको उपदेश बिउ थियो। त्यो ज्ञानको बिउ उम्रेर बोट भयो। त्यो बोट बढेर ध्रुवतारा हुन पायो। ज्ञानले ध्रुवको मनलाई पानी जस्तै कोमल बनायो। मिलेको जलसतहमा लट्ठीले जति हाने पनि जलसतह पहिले जस्तै सतहमा मिल्न थाल्छ।

फलाम कडा भएकाले फलामलाई घनले हानेर बङ्ग्याएकै हुन्छ। ज्ञानले स्वभावलाई कोमल बनाउँछ। नरमले सहनशील र धैर्य बनाउँछ। सुनीतिले सौता सुरुचिले गरेको असहिष्णुलाई सहेर ईश्वर भक्तमा तन्मय दिइरहे। ध्रुवले आमाको दयादृष्टिले तप गरे। आखिरमा ध्रुवले ईश्वरपद पाए। पवित्र भावनाले सत्यलाई ग्रहण गर्नाले हामी जहाँ बसे पनि हाम्रो साथमा ईश्वर शिरोपर हुन्छ भनी भक्त प्रह्लादको जीवनले अविस्मरणीय गराउँछ। हिरण्य कशिपुले भक्त प्रह्लादलाई मार्न अनेकौं छलबल प्रयोग गरे। जति कपटपूर्ण दाउपेच गरे पनि आखिरमा आफैँ अन्त्य हुनु पर्‍यो। कपटपूर्ण दाउपेचबाट दुष्परिणाम नै पाउँछ भन्ने भावना लिई सत्य र निष्ठावान्बाट ईश्वर भक्त हुनु पर्छ, जसबाट अरूलाई पनि नोक्सान हुँदैन। आफ्नो धर्ममा पनि आँच आउँदैन।

दुःख देवतालाई पनि छ। दुःख निवारण देवताले पनि दुःखै गरेका छन्। भगवान् बुद्धले दुःखै गरी तपस्या गरी ज्ञान प्राप्त गर्नुभयो। श्रीराम असुरहरू नास गर्न दुःखै गरी चौध वर्ष वनवास जानुभयो। देवादीदेव महादेव समुद्र मन्थनबाट निस्केको कालकुट विष पिई दुःखै गरी जगत् कल्याण गर्नुभयो। दुःख भोगेर पाएको सुखले मात्र वास्तविक सुखको अनुभूति हुन्छ। दुःखले मानिसलाई संयम, धैर्य र सङ्घर्ष गर्न सिकाउँछ। दुःख इमानदार शिक्षक हो। यो दुःखले भित्रको शक्तिबाहिर प्रस्फुटन गर्छ। दुःखले नै आत्मा साक्षात्कार र परिपक्वता बनाउँछ। साक्षात्कारले विनम्र बनाउँछ। विनम्रताले महान् बनाउँछ, महान्ले इज्जत हुन्छ। अँध्यारोमा उज्यालो नभए जस्तै दुःखमा सुख हुँदैन। दुःखले दिने परिणाम र यसले सिकाउने पाठबाट पाएको सुखले आनन्द हुन्छ।

दुःख भएर दुःखैमा ईश्वरलाई स्मरण गरी ईश्वरप्रति निमग्न भयो भने भावविह्वल हुन्छ। त्यस भावविह्वल भएर झरेको आँसुको थोप्ला टिप्न देवताहरू पृथ्वीमा आइपुग्छन् भन्ने शास्त्रमा उल्लेख छ। भावविह्वल दुःख भएर मात्र होइन। ईश्वरप्रति उत्प्रेरित भई अनुप्रेरित प्रेमले पनि भावविह्वल हुन सक्छ। जति ठुलो दुःख कष्ट भए पनि मनलाई विचलित नगरी ईश्वर भक्तमा तन्मय दिई तल्लीन हुन सके ईश्वर शक्ति प्राप्त हुन्छ।

मीरा कृष्णको भक्तमा नछुट्टिने गरी लीन थिइन्। भक्तिभावमा संलग्न भई त्यसबाटै उनी मुक्त भइन्। राधा कृष्णको प्रेममा अभिप्रेरितबाट भावविह्वल भइन्। भक्तिप्रेमबाट नै उनी दुःखको भवसागरलाई पार गरी मोक्ष प्राप्त गरिन्। लोभ र मोहले हाडछाला रूपमा आशक्ति भएर गर्ने प्रेममा सत्गति पाइँदैन। ईश्वरीय प्रेमबाट सत्गति पाउन सकिन्छ।

तुलसीदास आफ्नी श्रीमती रत्नावतीलाई अत्यन्तै प्रेम गर्ने, श्रीमती माइत जाँदा पनि श्रीमतीकै पछि लाग्ने। एकदिन माइत जाँदा श्रीमतीपछि लागेका बेला श्रीमतीले मेरो हाडछालाको कायामा आशक्त हुनुभन्दा ईश्वरलाई प्रेम गरेको भए भवसागर पार लाग्छ भनिन्। त्यो बेलादेखि तुलसीदास ईश्वर भक्त भएर श्रीराम चरितमानस काव्य लेखे। तुलसीदासलाई एक चोटि अकबरले दरबारमा बोलाइन् तर तुलसीदास जान मानेनन्। उनलाई अकबरले बलजफ्ती समातेर दरबारमा लगेर थुने। तुलसीदासले त्यस दिनदेखि हनुमानचालिसा लेख्न प्रारम्भ गरे। त्यसबेला फतेहपुरमा बाँदर आई हमला गरे। तुलसीदासलाई थुनामुक्त गरेपछि बाँदरहरू शान्त भई फर्के।

ईश्वरप्रति प्रेम भएर भावविह्वल हुँदा आफूलाई त आनन्द आउँछ नै देवतालाई पनि त्यसबाट आनन्द मिल्न थाल्छ। जुन दुःखले दिने आनन्द निर्वाणसम्म प्राप्त हुन सक्छ। आनन्दको विघ्न पीडा हुन्। पीडाको जरा स्वार्थ हो। स्वार्थमा लोभ हुन्छ। लोभ भरेर पोखेपछि आगो भएर जल्छ, जसबाट रोगले कष्ट भई दुःख हुन्छ। मानिस आवश्यकभन्दा बढी इच्छा गर्ने हुनाले दुःखबाट छुटकारा पाउन मुस्किल भएको हो। मनले गर्दा मनमै दुःख हुने हो भने मनले गर्दा मनैमा सुख हुने हो। दुःखमा हुने दुःखलाई निवारण गर्न सत्गति र परिश्रम गर्नुपर्ने हुन्छ। दुःख निवारणका लागि दुष्कर्म गर्नाले दुष्कर्मबाटै झन् दुःख हुन थाल्छ। जसरी मादक पदार्थ खाने मनुष्यलाई मादक पदार्थले नै मनुष्यलाई खाइदिन्छ।

मिलारेपा एक धनी परिवारका थिए। उनले सानैमा बुवा गुमाएपछि मिलारेपाको सबै सम्पत्ति टोलवासीको सहयोग लिएर काका र काकीले अन्यायपूर्वक सबै सम्पत्ति हड्पे। मिलारेपा शान्ति पाउनका लागि भौंतारिएर हिँडेपछि गुरु मार्पाको शरणमा गए। गुरुले बर्सौं दिनसम्म भविष्यमा आध्यात्मिक ज्ञान प्राप्त गर्न सकोस् भनेर मिलारेपाको पापकर्मलाई पखाल्न अनेकौँ कष्ट दिए। एक्लैले घर भत्काएर बनाउन दिने। यति धेरै पीडा दिँदा पनि गुरुको आज्ञा पालना गरिरहे, जसबाट मिलारेपाको दृढता प्रमाणित भयो। मिलारेपालाई कष्टदायक चुनौतीले भित्रको आत्मबल मजबुत हुन पुग्यो। गुरु मार्पाले दीक्षा र आशीर्वाद पाएपछि एकान्तमा गुफामा बसी साधना गर्न थाले। भक्तपुरको सुदालमा मञ्जुश्रीले तपस्या गरेको ठाउँभन्दा माथि मिलारेपाले सिस्नुको झोल मात्र खाएर तपस्या गरे। गहन तपस्या र साधनाले मिलारेपाले बुद्धत्व प्राप्त गरे।

मिलारेपाले दुःखलाई काट्न दुःखै गरे। उनको पश्चात्ताप र समपर्णले आत्मबल झन् झन् बलियो हुँदै आयो। उनले दुःख निवारण तप गरे। तपले दुःखबाट मुक्त भई मोक्ष प्राप्त गरे। कालो बादलपछि मेघ गर्जेर घनघोर वर्षा हुन्छ, त्यसपछि चकिलो घाम लाग्यो भने कति रमाइलो हुन्छ! कष्टदायक दुःखबाट सुख आउँदा त्यस्तै आनन्द हुन्छ।

दुःख पीडा भनेको आफ्नो मनभित्रै हुने भएकाले आफ्नो छाया सरी आफूजहाँ गए पनि सँगै हुन्छ। यसलाई ज्ञानद्वारा निवारण गर्न सक्नु पर्छ। भौतिक सुविधा सम्पन्नताले मात्र खुसी हुँदैन। दुःख त रिस, राग, मोह र द्वैषले पनि पीडा हुने गर्छ। मानिस सामाजिक प्राणी भएकाले सामाजिक समस्याले पिरोलिरहन्छ। जन्म र मरण दुवैमा दुःख हुने भएकाले भगवान् बुद्धले प्राणीलाई निरवशेष रूपमा दुःखलाई निरोध गरी शान्त अवस्थाबाट निर्वाणमार्ग निर्देशन गर्नुभएको हो। जन्मँदाखेरि केही गर्छु भनेर मुठी कसेर जन्मिन्छन्, प्राणहीन भएपछि केही लिएर जानु छैन भनेर मुठी खोलेर मर्छन्। मरणपछि कसैको केही छैन सबै असत्य हुन्, केवल ईश्वर मात्र सत्य हुन्। त्यसैले मलामी जानेले रामनाम सत्य हो भनी भन्ने गरेका हुन्। केही राम्रा कामका लागि गरेका दुःख निकटका मान्छेले सम्झने गर्छन्। महापुरुषलाई पर्ने दुःख साधारण मनुष्यले झेल्न सक्दैन। इतिहास दोहोरिँदैन। बगेको खोला फर्किँदैन भने जस्तै पृथक् समयमा हुने दुःख पनि पृथक् नै हुन्छ। राजसभामा भएको द्रौपतीको चीरहरणको दुष्प्रभावले महाभारत युद्ध भयो। त्यस्तो अप्रत्याशित दुर्लभ घटना इतिहासमा अङ्कित हुन्छ। दुष्प्राप्य दुःखको सार्थकताले नै महापुरुष सिद्ध हुन्छ। संसारमा जति पनि महापुरुषको जीवन हेर्ने हो भने कष्टदायक सङ्घर्षमयले बितेको पाइन्छ। त्यसको कारण धैर्य, सहनशीलता, आत्मबल दरिलो पारेर अगाडि बढेको पाइन्छ। आशाको दियोले मनोबल दरिलो पारेर अगाडि बढे सफलता प्राप्त हुन्छ। जति दुःखमा पनि मनलाई प्रफुल्ल गरी दुःखलाई सहर्ष स्वीकार गरी मेहनत गरे। सफल पारिश्रमिकको सेवक बन्छ। जसरी फलाम काट्न फलाम नै चाहिन्छ। त्यस्तै दुःखलाई काट्न दुःखै गर्नु पर्छ। सिद्ध पुरुषले दुःखलाई काट्न दुःखै गरेर सुख प्राप्त गरी दुःखले दिने आनन्द लिन्छन्।

गोपबाट

# 'नुनमा आयोडिन' कि 'आयोडिनमा नुन'?

**रमेश कुँवर**

कैलाली जिल्लामा काम गर्ने दौरानमा एकजना स्वास्थ्यकर्मीसँग संवाद भयो। नसर्ने रोग सम्बन्धी छलफल हुँदै गर्दा उहाँले भन्नुभयो-'सर, यहाँ केही घरपरिवारले अझै पनि ढिक्का नुन प्रयोग गर्छन्। आयोडिनयुक्त प्याकेट नुन खान चाहँदैनन्। मैले अचम्म मान्दै प्रतिप्रश्न गरेँ-'किन खाँदैनन्? जमाना कहाँ पुगिसक्यो, अझै ढिक्का नुन?'

उहाँको भनाइ अनुसार, केही थाइराइडका विशेषज्ञ चिकित्सकहरूले नै आयोडिनयुक्त नुन कम खान सुझाव दिएका रहेछन्। कसैले दिन बिराएर, कसैले केही हप्ता प्याकेटको नुन खानु र केही हप्ता ढिक्का नुन प्रयोग गर्ने सुझाव दिएको भने।

यो संवादपछि मैले केही समाचार र शोधपत्र अध्ययन गरेँ। अनलाइन माध्यममा प्रकाशित चिकित्सकहरूका धारणाहरू पनि हेरेँ। एकजमानामा, नेपालमा आयोडिन डिफिसिएन्सी डिसअर्डरलाई ठुलो जनस्वास्थ्य समस्याको रूपमा मानिन्थ्यो। गलगाँड, सुस्त मानसिक विकास, थाइराइड र बालबालिकाको बौद्धिक विकास जस्ता समस्याहरू व्यापक थिए। यी समस्या न्यूनीकरणका लागि सरकारले आयोडिनयुक्त नुनसम्बन्धी ऐन नै कार्यान्वयन गरेको थियो।

सामान्य अर्थमा, नुन सोडियम क्लोराइड नामक खनिज पदार्थ हो। यो शरीरका लागि आवश्यक पोषक तत्व मध्ये एक हो। यसले शरीरमा पानीको सन्तुलन, स्नायु र मांसपेशीलाई क्रियाशील बनाउनुका साथै रक्तचाप र विभिन्न कोशिकाको कार्य सञ्चालनमा सहयोग गर्छ। त्यसैगरी, आयोडिन पनि एक सूक्ष्म पोषक तत्व हो। हाम्रो शरीरमा भएको थाइराइड ग्रन्थिले यसलाई हार्मोन बनाउन प्रयोग गर्छ। यसले गर्भावस्थामा शिशुको विकास, बालबालिकाको शारीरिक र बौद्धिक विकासमा सहयोग गर्दै गलगाँड र सुस्तमनस्थितिबाट रक्षा गर्ने काम गर्छ।



नेपाल सरकारले सन् १९६५-१९६७ मा राष्ट्रिय स्तरको गलगाँड प्रिभिलेन्स सर्वेक्षण गर्‍यो। उक्त सर्वेक्षणका अनुसार १३ वर्ष माथिको जनसंख्यामा ५५ प्रतिशत प्रिभिलेन्स थियो। अर्थात्, १३ वर्षभन्दा माथिका १०० जनामा ५५ जनालाई गलगाँडको समस्या देखियो। तत्कालीन सरकारले सन् १९७३ मा आयोडिनयुक्त नुन वितरणको कार्यक्रम ल्यायो। सन् १९८५-८६ को राष्ट्रिय सर्वेक्षणले पनि आयोडिन नुनको कमी रहेको तथ्य औंल्यायो। त्यसपछि सरकारले क्रमशः नुनमा आयोडिन मिसाउने नीति, राष्ट्रिय कार्ययोजना र आयोडिन नभएको खाने नुनको आयात, बिक्री र वितरण रोक्ने कानुनी व्यवस्था स्वरूप सन् १९९८ मा आयोडाइज्ड नुन ऐन नै लागू गर्‍यो।

त्यति बेला पहाडी तथा हिमाली क्षेत्रमा नुन पुऱ्याउन निकै समय लाग्थ्यो/लाग्छ। सडकको पहुँच सीमित भएकाले घोडा र खच्चडमार्फत् ढुवानी गरिन्थ्यो। घाम, चिस्यान, अव्यवस्थित भण्डारण र लामो ढुवानी प्रक्रियाका कारण नुनमा भएको आयोडिन क्रमशः घट्दै जान्थ्यो। पसलका साहुजीहरूले पनि नुनका कट्टाहरू बाहिर घाम पर्ने ठाउँमा नै राखेको देखिन्थ्यो। उचित भण्डारण गर्न सकिएन भने आयोडिन नष्ट हुन्छ। प्रायः, हामीले खानामा नुन हालिसकेपछि मज्जाले उमाल्छौँ/पकाउँछौँ। तातोले आयोडिन छिटो नष्ट हुन्छ। यिनै कारणहरूले गर्दा उत्पादन देखि उपभोक्ताको मुखसम्म नुन आइपुग्दा 'आयोडिन' को मात्रा घट्ने भएकाले उत्पादन स्तरमा ५० पीपीएम, पसलमा ३० पीपीएम र घरमा कम्तीमा १५ पीपीएम हुनुपर्छ भनिएको थियो।

सन् २०१६ मा भएको नेपाल माइक्रोन्युट्रिन्ट स्टाटस सर्भेले देशभरका ६८ प्रतिशत व्यक्तिको घरमा ४० पीपीएम भन्दा बढी आयोडिन भएको नुन सेवन गरिरहेको तथ्य सार्वजनिक गर्‍यो। सन् २०१० को एक अध्ययन अनुसार नेपालीले प्रत्येक दिन १० ग्राम नुन सेवन गरेको देखियो। सन् २०१९ को स्टेप्स सर्भेले पनि औसतमा ९ दशमलव १ ग्राम प्रतिदिन सेवन गरेको देखायो। विश्व स्वास्थ्य सङ्गठनका अनुसार प्रति दिन ५ ग्राम नुन आवश्यक हुन्छ। उक्त सर्भेका अनुसार अधिक नुन सेवन गर्ने ७५ प्रतिशत वयस्कलाई आफूले 'सही मात्रामा' नुन सेवन गरिरहेको विश्वास थियो। एकातिर नुन सेवन पनि बढी छ र अर्कोतिर आयोडिनको मात्रा पनि। सन् २०२४ मा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका तत्कालीन महानिर्देशकज्यूको नेतृत्वमा एउटा टोली भारतको गुजरात गएर 'नुनमा आयोडिन' मिसावट सम्बन्धी अध्ययन गरेर फर्केको थियो। भारतमा प्रयोग हुने नुनमा नेपालका लागि पठाइने नुन भन्दा कम आयोडिन प्रयोग भएको पाएका थिए।

कतिपय वरिष्ठ इन्डोक्राइनोलोजिस्टहरूले नुनमा आयोडिनको मात्रा घटाउनुपर्छ भनिरहेका छन्। कतै अत्यधिक आयोडिन सेवनले थाइराइडको समस्या त बढाइरहेको छैन? जनस्वास्थ्यविद्हरूले शंका र खबरदारी गरिरहेका छन्। सरकारी विज्ञहरूको टोलीले 'आयोडिनको मात्रा घटाउनुपर्छ' भन्ने लिखित सुझाव पनि दिएको सुनिन्छ।

यसको अर्थ, आयोडिनयुक्त नुन गलत हो भन्ने होइन। नेपालमा आयोडिनयुक्त नुनले जनस्वास्थ्य सुधारमा ऐतिहासिक योगदान दिएको छ। तर, कुनै समय आवश्यक भएको मापदण्ड आज पनि उही रूपमा उपयुक्त छ कि छैन भन्ने विषयमा वैज्ञानिक पुनरावलोकन आवश्यक देखिन्छ। जनस्वास्थ्यमा कुनै पनि नीति स्थिर हुँदैन। समय, प्रमाण, प्रविधि र जनस्वास्थ्य अवस्था अनुसार नीतिहरू पुनरावलोकन गरिनुपर्छ।

एक जनस्वास्थ्यकर्मी र सचेत उपभोक्ताको हैसियतले यो विषयमा सम्बन्धित क्षेत्रका विज्ञहरूको सुझाव लिई यथाशीघ्र निर्णय गर्नुहुन नेपाल सरकार समक्ष अनुरोध छ।

(लेखक जनस्वास्थ्य विज्ञ हुन्।)

# बाली लगाउनुअघि नै समर्थन मूल्य तोक्ने व्यवस्था लागू




काठमाडौँ । कृषि, वन तथा वातावरण मन्त्रालयले प्रमुख खाद्यान्न बालीको न्यूनतम समर्थन मूल्य (एमएसपी) तथा न्यूनतम खरिद मूल्य निर्धारणका लागि निर्देशिका जारी गर्दै बाली लगाउनुअघि नै समर्थन मूल्य तोक्ने व्यवस्था लागू गरेको जनाएको छ।

मन्त्रालयका अनुसार सरकारका १०० बुँदे शासकीय सुधार कार्यक्रमअन्तर्गत प्रमुख खाद्यान्न बालीको एमएसपी निर्धारणसम्बन्धी कार्य सम्पन्न भएको हो । यसका लागि 'न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारण सम्बन्धी निर्देशिका, २०८२' जारी गरिएको छ । उक्त निर्देशिका गत बैशाख १६ गते मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत भई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा दर्ता गरिएको तथा मन्त्रालयको वेबसाइटमार्फत् सार्वजनिक गरिएको मन्त्रालयले जनाएको छ।

कृषि, वन तथा वातावरणमन्त्री गीता चौधरीले निर्देशिकाअनुसार बाली लगाउनुअघि नै न्यूनतम समर्थन मूल्य निर्धारण हुने भएकाले किसानले आफ्नो लागत, सम्भावित आम्दानी र बजार अवस्थाका आधारमा बाली छनोट गर्न सक्ने बताइन् ।

"किसानले पाउने मूल्य पहिले नै निर्धारण भएपछि सोही आधारमा उक्त बाली लगाउने वा अन्य विकल्प रोज्ने विषयमा निर्णय गर्न सक्नुहुन्छ ।"- उनले भनिन् ।

आर्थिक वर्ष २०८२/८३ का लागि गहुँ र चैते धानको न्यूनतम समर्थन मूल्य मन्त्रिपरिषद्बाट स्वीकृत भइसकेको मन्त्रालयले जनाएको छ। त्यसैगरी आर्थिक वर्ष २०८३/८४ का लागि वर्षे धानको न्यूनतम समर्थन मूल्य यही जेठ ११ गते बसेको मन्त्रिपरिषद् बैठकले निर्धारण गरेको छ।

मन्त्रिपरिषद्को निर्णयअनुसार मोटा धानको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल रु तीन हजार ६६० र मध्यम धानको प्रतिक्विन्टल रु तीन हजार ८६० कायम गरिएको छ।

मन्त्रालयले आगामी आर्थिक वर्षका लागि वर्षे मकैको न्यूनतम समर्थन मूल्य निर्धारण प्रक्रिया पनि अघि बढाएको जनाएको छ । यसअघि वर्षे मकैको समर्थन मूल्य तोक्ने व्यवस्था नभएको उल्लेख गर्दै मन्त्रालयले आगामी फागुन मसान्तभित्र मूल्य निर्धारणसम्बन्धी प्रस्ताव मन्त्रिपरिषद्मा पेस गर्ने तयारी गरेको छ।

उखुको हकमा आर्थिक वर्ष २०८२/८३ का लागि न्यूनतम खरिद मूल्य मन्त्रिपरिषद्को २०८२ मङ्सिर २२ गतेको निर्णयबाट निर्धारण भइसकेको छ । आगामी आर्थिक वर्ष २०८३/८४ का लागि उखुको न्यूनतम खरिद मूल्यसम्बन्धी प्रस्ताव आगामी कात्तिक मसान्तभित्र मन्त्रिपरिषद्मा पेस गरिने मन्त्रालयले जनाएको छ।

### वैकल्पिक...

'हामी चौबीसै घण्टा जनताको सेवामा उपलब्ध हुन्छौँ, तर आजभोलि टाढैबाट हात हल्लाउने र जनतासँग नभेट्ने प्रवृत्तिप्रति आकर्षण बढेको छ,' उनले भने- 'यो डार्क साइकोलोजी र एल्गोरिदमको खेल हो, जसमा हामीजस्ता भुईंतहमा काम गर्ने नेताहरू चुकेका छौँ ।'

प्रविधि र नयाँ जमानाको सञ्चारशैलीलाई आत्मसात गर्न नसक्दा पछाडि परेको स्वीकार गर्दै उनले अब नयाँ पुस्ताको चाहनाअनुसार आफूलाई परिमार्जन गर्नुपर्ने आवश्यकता औँल्याए । विचार र सिद्धान्तविहीन राजनीतिले मुलुकलाई कतै नपुऱ्याउने भन्दै उनले राजनीतिक दलहरूमा गम्भीर समीक्षाको खाँचो रहेको बताए ।

### औद्योगिक...

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले जेठ २५ गते प्रकाशित सूचनामार्फत् बक्यौता रकम सात दिनभित्र बुझाउन उद्योगहरूलाई निर्देशन दिएको थियो । यसअघि औद्योगिक क्षेत्रभित्रको भाडा, महसुल तथा शुल्क पुनरावलोकनका नाममा विस्तृत अध्ययन र सरोकारवालासँग पर्याप्त छलफल नगरी ७०० प्रतिशतसम्म भाडा वृद्धि गर्न सिफारिस गरिएको प्रतिवेदनका आधारमा निर्णय गरिएको महासंघको दाबी छ।

उद्योगीहरूका अनुसार उक्त निर्णयले उत्पादन लागत अत्यधिक बढाएको छ भने धेरै उद्योग आर्थिक रूपमा धराशायी हुने अवस्थासमेत सिर्जना भएको छ। यस विषयमा परेको मुद्दामा सर्वोच्च अदालतले २०७९ मंसिर १२ गते अन्तिम फैसला गरिसकेको थियो ।

उद्योगीहरूले उक्त फैसला स्वीकार गरे पनि औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको २०८२ बैशाख २५ गते बसेको सञ्चालक समिति बैठकले सर्वोच्च अदालतमै पुनरावलोकनको निवेदन दर्ता गर्ने निर्णय गरेको महासंघले जनाएको छ।

अध्यक्ष आलमले सर्वोच्च अदालतको फैसला पुनरावलोकनका लागि गएको अवस्थामा मुद्दाको अन्तिम टुंगो नलाग्दै उद्योगीमाथि रकम तिर्न दबाब सिर्जना गर्नु विरोधाभासपूर्ण भएको बताए ।

'यदि व्यवस्थापन लिमिटेड आफैंलाई फैसला चित्त बुझेको छैन र पुनरावलोकनमा गएको छ भने अन्तिम निर्णय नआउँदै उद्योगीहरूलाई दोषीझैं व्यवहार गरेर नाम सार्वजनिक गर्नु र रकम तिर्न बाध्य पार्ने प्रयास गर्नु उचित होइन ।' -उनले भने ।

महासंघले सार्वजनिक सूचनामा उद्योगहरूको नामसमेत उल्लेख गरिएकोप्रति गम्भीर आपत्ति जनाएको छ । यसले उद्योग प्रतिष्ठानको साख, व्यावसायिक छवि र लगानीकर्ताको विश्वासमा नकारात्मक असर पार्ने महासंघको भनाइ छ ।

उद्योगीहरूले यस्तो कदमलाई सर्वोच्च अदालतको मानहानी तथा उद्योग प्रतिष्ठानहरूको प्रतिष्ठामाथिको आक्रमणका रूपमा समेत व्याख्या गरेका छन् ।

महासंघले सरकारको वर्तमान नीतिले देशभरका औद्योगिक क्षेत्रभित्र सञ्चालित करिब ७०० उद्योग प्रत्यक्ष प्रभावित भई बन्द हुन सक्ने दाबी गरेको छ । ती उद्योग बन्द भए हजारौँ मजदुर तथा कर्मचारीको रोजगारी गुम्ने, बेरोजगारी बढ्ने र औद्योगिक उत्पादनमा गम्भीर असर पर्ने चेतावनी दिइएको छ ।

अध्यक्ष आलमले स्वदेशी उद्योगलाई संरक्षण गर्ने नीतिभन्दा पनि निरुत्साहित गर्ने प्रवृत्ति देखिएको आरोप लगाए । 'एकातिर सरकार आत्मनिर्भर अर्थतन्त्र र 'मेड इन नेपाल' को नारा दिन्छ, अर्कोतर्फ उद्योग सञ्चालन नै असम्भव हुने गरी आर्थिक बोझ थप्ने निर्णय गर्छ । यस्ता कदमले स्वदेशी लगानी पलायन हुन्छ र आत्मनिर्भर अर्थतन्त्रको सपना केवल नारामै सीमित रहन्छ ।'- उनले बताए ।

महासंघले समस्या समाधानका लागि सर्वोच्च अदालतमा दर्ता गरिएको पुनरावलोकन निवेदन फिर्ता लिन, अदालतको अन्तिम फैसला कार्यान्वयन गर्न र उद्योगमैत्री वातावरण निर्माण गर्न सरकारसँग आग्रह गरेको छ ।

अन्यथा देशभरका उद्योगहरू आफ्नो अस्तित्व रक्षाका लागि आन्दोलनमा उत्रिन बाध्य हुने चेतावनी पनि महासंघले दिएको छ ।

महासंघका अनुसार अहिलेको विवाद केवल भाडा वा बक्यौतासँग मात्र सम्बन्धित छैन, यो मुलुकको औद्योगिक भविष्य, स्वदेशी लगानीको सुरक्षा र हजारौँ श्रमिकको रोजगारीसँग प्रत्यक्ष जोडिएको विषय हो ।

सरकार र सम्बन्धित निकायले समयमै संवाद र समाधानको बाटो नअपनाए उद्योग क्षेत्र थप गहिरो संकटमा फस्ने उद्योगीहरूको चेतावनी छ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
स्तर निर्धारण तथा सम्बन्धन महाशाखा
सानोठिमी, भक्तपुरको

**श्री पब्लिक कलेज अफ टेक्निकल एजुकेशन, बुटवल–०८, रुपन्देहीको नाम तथा ठेगाना परिवर्तन संम्बन्धमा ३५ दिनेहकदावी उजुरी सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

प्रकाशित मिति २०८३/०२/२९

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट छोटो अवधिक तालिम क्रमशः Building Electrician-390hrs, Industrial Electrician -390hrs, Electrical Appliances Repairer-460hrs, Electric Motor Rewinder-390hrs, Assistant Welder-480hrs र Mobile Phone Repairer–390hrs सम्बन्धन/स्वीकृति प्राप्त संस्था श्री पब्लिक कलेज अफ टेक्निकल एजुकेशन प्रा.लि., बुटवल-०८, रुपन्देहीले संस्थाको नाम परिवर्तन गरी श्री पब्लिक टेक्निकल कलेज र ठाउँ परिवर्तन (ठाउँसारी) गरी बुटवल उप-म. न. पा- ०४, रुपन्देही कायम गराई पाउँ भनी पेश गरेको निवेदन उपर कारवाही हुँदा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को मिति २०८२/०३/१७ गते बसेको २०९ औ बैठकको निर्णय नम्बर ११७१ बमोजिम गठित कार्यटोली बैठकको मिति २०८२/१२/३० गतेको निर्णयानुसार नाम तथा ठेगाना (ठाउँसारी) परिवर्तन प्रकृया अगाडि बढाउने निर्णय भएकोले उल्लेखित संस्था र सम्बन्धन/स्वीकृत उल्लेखित छोटो अवधिका तालीम प्रति कोहि कसैको हकदाबी बिरोध गुनासो आदि भए यो सूचना प्रकशित भएको मितिले ३५ दिन भित्रमा स-प्रमाण सहित लिखित जानकारी गराउनुहुन अनुरोध छ। उल्लेखित समयसिमा भित्र कसैको उजुरी नपरेमा नाम तथा ठेगाना परिवर्तन (ठाउँसारी) प्रकृया अगाडि बढ्ने र म्याद नाघी आएका दावी विरोध उजुरी उपर कुनैकारवाही नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारीकालागि यो सूचना प्रकाशित गरिएको छ ।

सम्पर्कका लागि
**प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्**
सानोठिमी भक्तपुर, फोन नं. ०१-६६३०४०८ इमेलःctevtaccreditation061@gmail.com

# भित्तेचित्रले बदलिँदै नेपालगञ्जको रूप



राँझा । नेपालगञ्ज उपमहानगरपालिकाले शहरका सरकारी तथा सार्वजनिकस्थलको सुन्दरता बढाउन सुरु गरेको भित्तेचित्र अभियानले सहरको रूप बदलिँदै गएको छ।

धुलो, मैलो र जथाभावी फोहरको चपेटामा परेका कङ्क्रिटका फुस्रा पर्खालमा भित्तेचित्रले सहरको सौन्दर्यमा एउटा नयाँ र उमङ्गमय रङ थपिदिएको छ । उपमहानगरपालिकाको यस पहललाई 'क्रियटिभ आर्ट' समूहका स्थानीय कलाकारहरूले आफ्नो सिर्जना र पसिनाले मूर्तरूप दिइरहेका छन् ।

कलाकारहरू गणेश श्रीष, सामर्थ्य थापा, तारा गुरुङ, टेकराज नेपाली, प्रेम विक र मायाराम रैदासलगायतको टोली हिजोआज हातमा ब्रस र रङका बट्टा बोकेर शहरका भित्ताहरूलाई सजाउन व्यस्त छन् ।

तिनै कलाकारहरूले कोरेका चित्रहरूमा यस क्षेत्रको विशिष्ट पहिचान, परम्परा, स्थानीय वेशभूषा, ऐतिहासिक सम्पदा र सांस्कृतिक विविधता प्रस्ट रूपमा झल्किएको देख्न सकिन्छ ।

"शहरका मुख्य सार्वजनिक पर्खाल तथा चोकहरूमा हामीले भित्तेचित्र कोरिरहेका छौँ", कलाकार ताराबहादुर गुरुङले उत्साहका साथ भने-"यो केवल पेन्टिङ मात्र होइन, नेपालगन्जको इतिहास र वर्तमानलाई भित्तामा जीवन्त राख्ने प्रयास हो ।"

उप-महानगरपालिकाले सुरु गरेको भित्ते चित्र अभियान शहरको सौन्दर्य, कला र संस्कृतिको जगेर्ना सँगसँगै कलाकारको सम्मान भएको उनले बताए । यो अभियानबाट कलाकारले आफ्नो कला परिश्रम बेचेर आर्थिक आम्दानी गर्न सकेको उनको भनाइ छ ।

यो अभियान केबल शहर सजाउने रहर मात्र नभएर यस क्षेत्रको बृहत्तर विकाससँग जोडिएको योजना हो । खुला र अव्यवस्थित पर्खाललाई व्यवस्थित गर्दै सहरको सौन्दर्य अभिवृद्धि गर्ने र यहाँ आउने आन्तरिक पर्यटकका लागि थप आकर्षण सिर्जना गर्ने नगरको दीर्घकालीन लक्ष्य रहेको नगर प्रमुख प्रशान्त विष्टले बताए ।

"भित्तेचित्रमा यस क्षेत्रको कला र संस्कृति, विशिष्ट पहिचान, परम्परा र ऐतिहासिक सम्पदा झल्कने आकृतिहरू कोरिने छन्", नगर प्रमुख विष्ट भने-"भित्तेचित्र अभियानले नेपालगञ्जलाई अझ आकर्षक, सुन्दर र पर्यटकीय रूपमा जीवन्त बनाउन ठूलो मद्दत पुऱ्याउनेछ ।"

शहरमा कलाको सुगन्ध फैलिरहँदा मेहनतले बनाइएका पेन्टिङलाई दीर्घकालसम्म जोगाउने चुनौतीसँगै उभिएको छ । सुन्दर चित्रमाथि जथाभावी फोहर फाल्ने, शौच गर्ने, गुट्खा थुक्ने र केरमेट गर्ने पुरानो सामाजिक कुसंस्कार र प्रवृत्ति अहिले पनि कायमै छ । कलाकारले दिनरात खटेर बनाएका यी कलाकृतिलाई विकृत हुनबाट जोगाउनु अहिलेको सबैभन्दा ठूलो चुनौती बनेको उनको भनाइ छ।

शहरको सुन्दरता त्यहाँको पूर्वाधारले मात्र नभई त्यहाँ बस्ने नागरिकको चेतनाले निर्धारण गर्ने भएकाले नेपालगञ्जलाई सुन्दर र सांस्कृतिक पहिचान बोकेको शहरका रूपमा स्थापित गर्न प्रत्येक नगरवासीले भित्तेचित्रलाई आफ्नै सम्पत्ति सम्झिएर अपनत्व ग्रहण गर्नुपर्ने उप-महानगरपालिकाका प्रवक्ता एवं वडा नं. १ का वडाध्यक्ष प्रमोद रिजालले बताए।

जबसम्म नागरिकस्तरमा 'यो मेरो शहर हो र यसलाई सफा राख्नु मेरो कर्तव्य हो' भन्ने सचेतना आउँदैन, तबसम्म जतिसुकै राम्रा रङ भरे पनि सहरको रूप फेरिन नसक्ने भएकाले स्थानीय तह, कलाकार र आमनागरिकको साझा जिम्मेवारीले मात्रै यी भित्तामा कोरिएका सुन्दर सपनालाई लामो समयसम्म सुरक्षित र जीवन्त राख्न सकिने उनको भनाइ छ।

# भेरी अस्पतालको एनआईसीयू विस्तार गरिँदै

राँझा । पश्चिम नेपालको बिरामी प्रेषण केन्द्रको रूपमा रहेको नेपालगञ्जस्थित भेरी अस्पतालमा नवजात शिशुको उपचार सेवालाई थप प्रभावकारी र सहज बनाउन नवजात सघन उपचार कक्ष (एनआइसीयू) विस्तार गरिने भएको छ । हाल अस्पतालमा रहेका आठ एनआइसीयू शय्यालाई बढाएर २० शय्यासम्म पुऱ्याउने लक्ष्यका साथ आवश्यक उपकरण थप गरिएको अस्पतालका प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट डा. नवीन दर्नालले जानकारी दिए।

उनका अनुसार, अहिले एनआइसीयू शय्याको अभावका कारण जटिल स्वास्थ्य समस्या भएका नवजात शिशुलाई अन्य अस्पतालमा प्रेषण (रेफर) गर्नुपर्ने बाध्यात्मक अवस्था रहेको छ । सेवा विस्तारपछि अस्पतालले आफ्नै स्रोतसाधनमार्फत् थप शिशुलाई उपचार सेवा दिन सक्नेछ भने अन्य अस्पतालबाट प्रेषित भई आउने शिशुलाई एनआइसीयू सेवा उपलब्ध गराउन गराई नवजात शिशुहरुको उपचारमा सहजता आउने छ।

भेरी अस्पतालमा अहिले सामान्य तथा शल्यक्रियामार्फत् दैनिक ३० देखि ४० जना सुत्केरी हुने गरेका छन् ।

यस्तो अवस्थामा नवजात शिशुको उपचार सेवा विस्तारले मातृ तथा शिशु स्वास्थ्य सेवामा थप टेवा पुग्ने विश्वास छ । थप एनआइसीयू सञ्चालनका लागि आवश्यक चिकित्सक तथा स्टाफ नर्सको व्यवस्थापन गरी तयारी अवस्थामा रहेको अस्पताल प्रमुख डा. दर्नालले बताए।

अस्पताल प्रशासनले विगतमा विभिन्न कारणले बन्द रहेका सेवालाई पुनः पूर्णरूपमा सञ्चालन गर्ने तथा नयाँ सेवाहरू थप्दै अस्पताललाई क्षेत्रीयस्तरको सुविधासम्पन्न स्वास्थ्य संस्थाका रूपमा विकास गर्ने लक्ष्यका साथ योजनाबद्ध ढङ्गले काम अगाडि बढाएको अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डा. दर्नालको भनाइ छ।

**ब्याजदर सम्बन्धी सूचना**

यस शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडले मिति २०८३ आषाढ महिनाका लागि निक्षेपमा प्रदान गर्ने तथा कर्जा सापटमा लिने ब्याजदर मिति २०८३ बैशाख ३१ गते बिहीवार मेचीकाली राष्ट्रिय दैनिक पत्रिकामा २०८३ जेष्ठ महिनाका लागि प्रकाशित ब्याजदर यथावत रहने ब्यहोरा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । ब्याजदर सम्बन्धी विस्तृत जानकारीका लागि यस विकास बैंकको वेवसाइट www.srdb.com.np मा हेर्नुहुन अनुरोध गर्दछौं ।

**शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लि.**
केन्द्रीय कार्यालय : बुटवल ११, कालिकानगर, रुपन्देही ।
फोन नं. : ०७१-४१५५०२, ४१५५०३
Email : info@srdb.com.np, URL : www.srdb.com.np

**नेपाली सेना, सैनिक कल्याणकारी कोष**
**जंगी अड्डा, काठमाडौं**

**सैनिक कल्याणकारी सैनामैना सौर्य विद्युत् आयोजना ब्लक नं. १**
**संक्षिप्त वातावरणीय अध्ययन (BES) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाईको सूचना**

(वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ सँग सम्बन्धित)
(प्रकाशित मितिः २०८३/०२/३१ गते)

नेपाली सेना (सैनिक कल्याणकारी कोष) द्वारा लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, सैनामैना नगरपालिका-९ मा रहेको नेपाली सेनाको आफ्नै भोगाधिकार क्षेत्र भित्रको जग्गामा सौर्य ऊर्जाबाट १० मेगावाट विद्युत् उत्पादन गर्ने उद्देश्यले सैनिक कल्याणकारी सैनामैना सौर्य विद्युत् आयोजना (ब्लक नं. १)निर्माण गर्न प्रस्ताव गरिएको छ। यस आयोजना अन्तर्गत विद्युत् उत्पादनका लागि सोलार प्यानलहरू स्थापना गरिने, आवश्यकता अनुसार ट्रान्सफर्मर तथा इन्भर्टरहरू जडान गरिने, सोलार प्यानल सफाइका लागि जल भण्डारण केन्द्र निर्माण गरिने, पानी व्यवस्थापनका लागि नाली निर्माण गरिने तथा उत्पादित विद्युत् नजिकै रहेको सालझण्डी सबस्टेसनमा जडान गरिनेछ।

प्रचलित वातावरण संरक्षण नियमावली, २०७७ बमोजिम यस आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन (BES) प्रतिवेदन तयारीको क्रममा आयोजनाको कार्यान्वयनबाट प्रभावित हुन सक्ने क्षेत्रका सरोकारवालाहरूबाट राय तथा सुझाव सङ्कलन गर्न सार्वजनिक सुनुवाइ आयोजना गर्नुपर्ने व्यवस्था रहेको छ। तसर्थ, प्रस्तावित आयोजनाको कार्यान्वयनबाट उक्त क्षेत्रको प्राकृतिक तथा भौतिक, जैविक, सामाजिक, सांस्कृतिक र आर्थिक प्रणालीमा पर्न सक्ने सम्भावित प्रभावहरू, त्यस्ता प्रभावहरूको न्यूनीकरणका उपायहरू तथा सकारात्मक प्रभावहरूको अभिवृद्धि गर्न अपनाउनुपर्ने उपायहरू सम्बन्धमा आफ्नो अमूल्य राय, सुझाव तथा प्रतिक्रिया प्रदान गर्न स्थानीय समुदाय लगायत सबै सरोकारवालाहरूलाई निम्न मिति, समय र स्थानमा आयोजना गरिने सार्वजनिक सुनुवाइ कार्यक्रममा उपस्थित भई सक्रिय सहभागिता जनाइदिनुहुन हार्दिक अनुरोध गरिन्छ।

***नोटः प्रस्तावित आयोजना नेपाली सेनाको आफ्नै भोगाधिकार क्षेत्रको जमिनमा निर्माण प्रस्ताव गरिएकोले कुनै पनि सार्वजनिक संरचनार निजी घर संरचना तथा जग्गामा प्रभाव नपर्ने व्यहोरा जानकारीका लागि अनुरोध छ।***

**कार्यक्रम हुने मिति, समय र स्थान**

| मिति | समय | स्थान |
|---|---|---|
| २०८३/०३/०७ | दिनको ११:०० बजे | रुपन्देही जिल्ला सैनामैना नगरपालिकाको ९ नम्बर वडा कार्यालय |

**आयोजकः**

| प्रस्तावक | परामर्शदाता |
|---|---|
| नेपाली सेना, सैनिक कल्याणकारी कोष<br>जंगी अड्डा, काठमाण्डौ<br>फोनः ०१-४२२५९४३,<br>ई-मेलः nawb@nepalarmy.mi.np | एनइए इन्जिनियरिंग कम्पनी लि.<br>ललितपुर महानगरपालिका वडा नं.-१०, ललितपुर, नेपाल<br>फोनः +९७७-०१-५९२१८०६/५९२१८५६<br>ई-मेलः info@neaec.com.np, |

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# लुम्बिनी प्रदेश प्रहरीद्वारा तीनदिने कार्यक्रम आयोजना




बुटवल । लुम्बिनी प्रदेश प्रहरी कार्यालयले यही जेठ ३० गतेदेखि असार १ गतेसम्म तीन दिने विशेष कार्यक्रम सञ्चालन गरेको छ । सार्वजनिक सुरक्षा, सामाजिक जिम्मेवारी र सचेतना अभिवृद्धि गर्ने उद्देश्यका साथ फरक फरक स्थानमा तीन वटा विशेष कार्यक्रम आयोजना गर्न लागिएको हो ।

बुटवलस्थित प्रहरी तालिम केन्द्रमा ह्याकाथन लुम्बिनीमा शान्ति पदयात्रा' तथा बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा सामुदायिक जनचेतना कार्यक्रम आयोजना गरिएको लुम्बिनी प्रदेश प्रहरी प्रमुख (डिआइजी) भुपेन्द्रबहादुर खत्रीले बताए । उनले फरक प्रकृति र क्षेत्रका सहभागीहरूलाई लक्षित गरी यी कार्यक्रम तय गरिएको बताएका हुन् ।

प्रहरी तालिम केन्द्रको बहुउद्देश्यीय हलमा हुने ह्याकाथन प्रतिस्पर्धामार्फत् प्रविधिमा रुचि राख्ने युवा, विद्यार्थी, डेभलपर, इन्जिनियर तथा नवप्रवर्तनकर्ताहरूलाई समेटिने प्रदेश प्रहरी प्रमुख खत्रीले बताए । परम्परागत उपायले मात्र आधुनिक सुरक्षा चुनौतीको सामना गर्न नसकिने भन्दै प्रहरीले युवाहरूलाई प्रविधिका माध्यमबाट सार्वजनिक सुरक्षा, साइबर अपराध नियन्त्रण, अनुसन्धान सहयोग र प्रहरी सेवामा योगदान दिन आह्वान गरेको छ । यो केवल प्रतियोगिता मात्र नभई सार्वजनिक सुरक्षाका वास्तविक समस्याहरू समाधान गर्ने प्रयास भएको प्रहरीको भनाइ छ ।

त्यसैगरी, बुद्ध जन्मस्थल लुम्बिनीमा आयोजना हुने 'Peace Walk' मार्फत् शान्ति, सहिष्णुता, सामाजिक सद्भाव र सामूहिक जिम्मेवारीको सन्देश प्रवाह गरिनेछ । यस पदयात्रामा विद्यार्थी, अभिभावक, नागरिक समाज, स्थानीय समुदाय र सरोकारवालाहरूसँग प्रत्यक्ष अन्तरक्रिया गरिनेछ । शान्ति कायम राख्नु केवल प्रहरीको मात्र नभई सम्पूर्ण समाजको साझा दायित्व हो भन्ने सन्देश दिनु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको प्रदेश प्रहरी प्रमुख खत्रीले बताए ।

बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा हुने सामुदायिक जनचेतना कार्यक्रमअन्तर्गत युवा पुस्ता, विद्यार्थी, अभिभावक र आम नागरिकसँग प्रत्यक्ष संवाद गरिनेछ । उक्त कार्यक्रममा बढ्दो साइबर अपराध, लागू औषध दुर्व्यसन, सडक सुरक्षा, आत्महत्या न्यूनीकरण र डिजिटल सुरक्षा जस्ता समसामयिक विषयमा सचेतना जगाउने प्रयास गरिनेछ । समाजका विभिन्न वर्गलाई एउटै स्थानमा ल्याएर संवाद, सिकाइ र सहकार्यको वातावरण निर्माण गर्ने प्रहरीको योजना छ ।

प्रदेश प्रहरी प्रमुख खत्रीकाअनुसार यी तीन वटै कार्यक्रमहरू प्रकृति र स्थानका हिसाबले फरक देखिए पनि यिनको साझा उद्देश्य सुरक्षित, सचेत, जिम्मेवार र प्रविधिमैत्री समाजको निर्माण गर्नु रहेको छ । प्रविधि, शान्ति, सामाजिक सद्भाव र नागरिक संवादलाई जोड्दै सार्वजनिक सुरक्षा र सामाजिक उत्तरदायित्वलाई नयाँ ढङ्गले प्रस्तुत गर्ने कार्यक्रम रहेको छ ।

# बुटवलमा नो भोट, नो एसएमएसको नृत्य प्रतियोगिता हुँदै



बुटवल । बुटवलमा रिभोलुसन डान्स प्रतियोगिता हुने भएको छ । डि-रेन डान्स स्टुडियोको आयोजनामा नेशन डान्स स्टुडियो रिभोलुसन डान्स प्रतियोगिता हुने भएको हो ।

प्रतियोगिता आगामी असार ६ गते होटल एभरेष्ट इनमा पहिलो अडिसन हुने आयोजकले शनिबार बुटलमा पत्रकार सम्मेन गरी जानकारी दिए । नेशन डान्स स्टुडियोका सञ्चालक साजन गुरुङले विद्यालयस्तरका प्रतिभालाई प्लेटफर्म दिने र नेपाली मौलिक संस्कृति जर्गेना गर्न नयाँ ढंगको नृत्य प्रतियोगिताको तयारी गरेको बताए । आफू धेरै प्रतियोगितामा भाग लिएको अनुभव सुनाउँदै प्रतिभालाई क्षमताको आधारमा सम्मान स्वरुप प्रतियोगिता गर्न लागेको उनले बताए । यसमा नो भोट, नो एसएमएस र फ्रि टिकटको व्यवस्था रहने उनले जनाए ।

सच्चा प्रतिभा भएका प्रतियोगीले उपाधि जित्न सकुन् र त्यसमा कुनै आर्थिक अवस्थाले प्रभावित नहोस् भनेर नो भोट, नो एसएमएस लागू गरिएको गुरुङले बताए ।

विशेषगरी १५ वर्षमुनिका विद्यालयस्तरका सहभागी हुने यो प्रतियोगितामा सहभागीहरूले नेपाली भाषामा नेपाली साँस्कृतिक, क्लासिकल तथा हिपहप गीतहरूमा आफ्नो प्रस्तुति दिन सक्ने छन् । विद्यालयस्तरका करिब ५०० जना विद्यार्थीहरूको सहभागिता रहने अपेक्षा रहेको चिया बगानका गौरब क्षेत्रीले बताए । प्रतियोगिताबाट बाल तथा किशोर प्रतिभाहरूलाई आफ्नो क्षमता प्रदर्शन गर्ने अवसर प्रदान गर्नुका साथै नृत्य क्षेत्रको विकासमा समेत टेवा पुग्ने आयोजकको लक्ष्य लिएको उनले बताए । केवल २ सय रुपैयाँमा आवेदन फर्मको शुल्क तोकिएको छ ।

विशेषगरी सहभागीहरुले पहिलो चरणमा छनौट भए पनि मेगा, वर्कसप, नलेज, डान्स कोरियोग्राफी जस्ता राउण्ड हुँदै पार गरेर क्लाफिफायर राउण्डमा जाने उनले बताए । सेमीफिनालेमा च्यालेन्ज राउण्ड सञ्चालन हुने उनले बताए । प्रतियोगिताका विजेताहरूका लागि आकर्षक नगद पुरस्कारको व्यवस्था गरिएको छ । जसअनुसार प्रथम हुने प्रतियोगीले रु ५५ हजार ५५५, द्वितीय हुनेले रु ३३ हजार ३३३ तथा तृतीय हुनेले रु ११ हजार १११ नगद पुरस्कार प्राप्त गर्नेछन् ।

# जनप्रतिनिधिद्वारा जथाभावी रकम वितरण



**प्रकाश डोटेल**

*स्याङ्जा*

स्याङ्जा जिल्लाका स्थानीय तहका प्रमुखहरुले कानुनविपरीत (जथाभावी) रकम वितरण गरेको पाइएको छ । महालेखापरीक्षकको कार्यालयले हालै सार्वजनिक गरेको प्रतिवेदनमा प्रमुखहरुले आर्थिक सहायताका नाममा जथाभावी रकम वितरण गरेको पाइएको हो ।

पछिल्ला दुई आर्थिक वर्षमा जिल्लाका ११ स्थानीय तहका प्रमुखहरुले झण्डै साढे दुई करोड रुपैयाँ जथाभावी वितरण गरेको पाइएको छ । महालेखाको प्रतिवेदनअनुसार गएको दुई वर्षमा प्रमुखहरुले दुई करोड ४१ लाख ६४ हजार ५८१ रुपैयाँ वितरण गरेका छन् । आन्तरिक आयको झण्डै दुईदेखि ७० प्रतिशतसम्म आर्थिक सहायता भन्दै जथाभावी रकम वितरण गरेको फेला परेको छ ।

अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा एक करोड १२ लाख ९८ हजार ११५ रुपैयाँ वितरण गरेका प्रमुखले पछिल्लो आर्थिक वर्ष २०८१/८२ मा एक करोड २८ लाख ६६ हजार ४६६ रुपैयाँ रकम जथाभावी वितरण गरेका छन् । स्थानीय तहले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्छ भनेपनि उनीहरुले मनलाग्दी तबरबाट रकम वितरण गरेका हुन् ।

जिल्लाका ११ स्थानीय तहमध्ये ६ गाउँपालिकाले पछिल्लो वर्ष ८४ लाख ८१ हजार १५४ रुपैयाँ वितरण गरेका छन् भने ५ नगरपालिकाले ४३ लाख ८५ हजार ३१२ रुपैयाँ जथाभावी रकम वितरण गरेको प्रतिवेदनमा उल्लेख छ । अघिल्लो वर्ष ५ नगरपालिकाले ५९ लाख १४ हजार ९७६ रुपैयाँ र ६ गाउँपालिकाले ५३ लाख ८३ हजार १३९ रुपैयाँ जथाभावी वितरण गरेका छन् ।

मनलाग्दी रुपमा रकम वितरण गर्नेमा जिल्लामै हरिनाश गाउँपालिका अग्रस्थानमा छ । महालेखाको पछिल्लो प्रतिवेदनअनुसार हरिनाशले ६३ लाख २९ हजार ५५४ रुपैयाँ वितरण गरेको छ । जथाभावी रकम वितरण गर्ने दोस्रो स्थानीय तहमा पुतलीबजार नगरपालिका रहेको छ । पुतलीबजारले १२ लाख ३७ हजार जथाभावी वितरण गरेको छ ।

त्यसैगरी चापाकोट नगरपालिकाले ११ लाख ६७ हजार ९३ रुपैयाँ वितरण गरेको छ भने गल्याङ नगरपालिकाका प्रमुखले ९ लाख १२ हजार वितरण गरेको प्रतिवेदनमा जनाइएको छ । प्रतिवेदनका अनुसार भीरकोट नगरपालिका प्रमुखले ६ लाख ६९ हजार २१९ रुपैयाँ वितरण गर्दा वालिङ नगरपालिका प्रमुखले चार लाख जथाभावी वितरण गरेका छन् ।

त्यस्तै अर्जुनचौपारी गाउँपालिका प्रमुखले ६ लाख १२ हजार जथाभावी वितरण गर्दा कालीगण्डकी गाउँपालिकामा ५ लाख ५१ हजार रुपैयाँ मनलाग्दी तबरबाट वितरण गरिएको छ । फेदीखोला गाउँपालिका प्रमुखले चार लाख ५१ हजार वितरण गरेका छन् भने आँधीखोला गाउँपालिका प्रमुखले तीन लाख ९३ हजार वितरण गरेको प्रतिवेदनमा उल्लेख छ ।

यता जिल्लामै सबैभन्दा कम बिरुवा गाउँपालिकाले एक लाख ४४ हजार रुपैयाँ मात्रै रकम वितरण गरेको महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख छ । निश्चित विधि र मापदण्डक वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्ने महालेखाले सुझाए पनि स्थानीय तहका प्रमुखले दीर्घरोगी, वृद्धवृद्धासँगै सामाजिक संघसंस्था र आसेपासेका नाममा मोटो रकम वितरण गर्दै आएको जानकारहरुको भनाइ छ ।

# तिलोत्तमा ८ संगमटोलमा सरसफाइ



तिलोत्तमा । तिलोत्तमा नगरपालिका-८ संगमटोलवासीले आफ्नो टोल सरसफाइ गरेका छन् । टोललाई सफा र स्वच्छ राख्ने उद्देश्यले टोल विकास संस्थाको आयोजनामा जनभावना चोकदेखि करहिया सामुदायिक वन अगाडिको सडक हुँदै प्रदीपनगर डाँडासम्म सरसफाइ गरिएको हो ।

टोलका सडक, नाली तथा सार्वजनिक स्थलमा हुने फोहोरका कारण वातावरण प्रदूषण नहोस् भन्ने उद्देश्यले समुदायस्तरबाट सरसफाइ गरिएको संस्थाका अध्यक्ष बाबुराम खरेलले बताए ।

फोहोर व्यवस्थापनलाई प्रभावकारी बनाउन नगरपालिकाले नियमित अनुगमन र आवश्यक पूर्वाधार व्यवस्थापनमा ध्यान दिनुपर्ने टोलवासीको माग छ ।

स्वच्छ र स्वस्थ वातावरण निर्माणका लागि प्रत्येक नागरिकको सक्रिय सहभागिता आवश्यक रहेको बताएका संगम दिदी बहिनी समूहकी अध्यक्ष संगिता घिमिरेले बताइन् । कार्यक्रममा टोल विकास संस्थाका सल्लाहकार युवराज न्यौपाने, पत्रकार टिआर शर्मालगायतको उपस्थिति रहेको थियो ।

तिलोत्तमा नगरपालिकाले पनि सरसफाइ तथा वातावरण संरक्षणसम्बन्धी अभियान सञ्चालन गर्दै आएको छ ।

# अस्पताल र निजी क्षेत्रसबिच सहकार्य आवश्यक : डा.गौतम

बुटवल । लुम्बिनी प्रादेशिक अस्पताल बुटवलका मेडिकल सुपरिटेन्डेन्ट डा.विष्णु गौतमले अस्पताल र निजी क्षेत्रबिचको सहकार्यलाई अझ सशक्त बनाइने बताएका छन् ।

रुपन्देही व्यापार संघले शनिबार संघको सचिवालयमा आयोजना गरेको स्वागत, परिचयात्मक तथा अन्तर्क्रिया कार्यक्रममा बोल्दै डा. गौतमले रुपन्देही व्यापार संघले स्वास्थ्य क्षेत्र विशेष गरी ब्लड बैंक स्थापनामार्फत् पुऱ्याएको महत्वपूर्ण योगदानको उच्च प्रशंसा गर्दै रक्तसञ्चार केन्द्रलाई थप व्यवस्थित रुपमा सञ्चालन गरिने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा बोल्दै डा. गौतमले लुम्बिनी प्रदेशकै गौरवको आयोजनाको रुपमा रहेको लुम्बिनी प्रादेशिक अस्पतालमा सरकारले नै स्थापना गर्नुपर्ने ब्लड बैंक रुपन्देही व्यापार संघले करोडौंको लगानीमा स्थापना गरिएकोमा धन्यवाद ज्ञापन गर्दै यसलाई विशेष ध्यान दिंदै निरन्तर र प्रभावकारी रुपमा सञ्चालन गरिने जनाए ।

कार्यक्रममा संघका अध्यक्ष प्रकाश ढकालले अस्पतालमा प्रदान हुँदै आएका स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन तथा आगामी दिनमा संघ र अस्पतालबिचको सहकार्य र सम्बन्धलाई थप सुदृढ बनाउने बताए । कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष दयानिधि भण्डारीले लुम्बिनी प्रदेश सरकारद्वारा हालै मात्र नियुक्त भएका मेडिकल सुपरिटेन्डेन्ट डा. विष्णु गौतमलाई सफल कार्यकालको शुभकामना व्यक्त गर्दै अस्पतालको सेवा प्रवाहलाई थप गुणस्तरीय र प्रभावकारी बनाउन संघको सदैव सहयोग रहने बताए ।

# बाँझो जमिनको सदुपयोगको विकल्प अकबरे खुर्सानी



स्याङजा । बाँझो जमिन बढ्दै जानु र जंगली जनावरको त्रासका बिच किसानका लागि स्याङ्जाको भिरकोट नगरपालिकाले किसानलाई नयाँ विकल्प दिएको छ । परम्परागत कृषिबाट मोहभंग भएका किसानलाई सामूहिक अकबरे खुर्सानीको विकल्प दिएर नगरपालिकाले आम्दानीसँग जोड्ने कोसिस गरेको छ ।

नगरपालिकाले सञ्चालन गरेको खेती प्रवर्द्धन कार्यक्रमअन्तर्गत नौ वटै वडामा सामूहिक नर्सरी स्थापना गरेर अकबरे खुर्सानीको व्यावसायिक खेती विस्तार गरिएको हो ।

नगरपालिकाका अनुसार २६ वटा नर्सरीबाट करिब एक लाख चार सय बिरुवा उत्पादन गरी २७० जना किसानलाई वितरण गरिएको छ । ती बिरुवाबाट झन्डै १२५ रोपनी क्षेत्रफलमा खेती विस्तार भएको नगरपालिकाले जनाएको छ ।

नगरपालिकाले यो कार्यक्रमलाई केवल बिरुवा वितरणमा सीमित नराख्ने दाबी गर्दै आवश्यक प्राविधिक सहयोगसमेत उपलब्ध गराउँदै आएको प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण लम्सालले बताए ।

'अभिमुखीकरण, समूह गठन, बिउ व्यवस्थापन, रोग तथा किराको नियन्त्रण, जैविक विषादी निर्माण र झोलमल बनाउने तालिमसमेत सञ्चालन गरेर अकबरे खुर्सानी खेती सुरु गराएका छौं ।'- उनले भने ।

नगरपालिकाले सहजै बजार पाइने, बाँझो जमिनको पनि उपयोग हुने र जंगली जनावरबाट पनि नोक्सानी कम हुने बाली भएकाले अकबरे खुर्सानीमा जोड दिएको उनले बताए ।

'यसले उत्पादन त हुन्छ नै । त्यसले बजार पनि सहजै पाउँछ,' उनले भने-'किसानले यसबाट कमाउन थालेपछि सहजै आकर्षित हुन्छन् भन्ने हाम्रो बुझाइ छ ।'

एक रोपनीभन्दा बढी क्षेत्रफलमा अकबरे खुर्सानी लगाउने किसानलाई हेफर प्रोजेक्ट नेपाल परियोजनाअन्तर्गत मल्चिङ प्लास्टिकसमेत सहयोग गरिएको नगरपालिकाले जनाएको छ ।

नगरपालिकाको यो प्रयासबाट किसानहरू पनि हौसिएका छन् । यसले बाँझो जमिनको उपयोगसँगै रोजगारी र आयआर्जन बढाउने लक्ष्यलाई थप बल पुग्ने विश्वास किसानमा जागृत भएको भिरकोट-७ का वडाध्यक्ष ताराप्रसाद अर्यालले बताए ।

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !

आइडिया
डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com